

**विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता**

प्रा.डा. कृष्णकान्त पराजुली ३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०





❑ वर्ष-२१ ❑ अंक - २०३ ❑ २०८३ साउन २० गते बुधबार ❑ Wednesday, 05 Aug. 2026 ❑ मूल्य ७ /-


## समाजसेवी भोजकुमार घिमिरेको 'जीवन दर्पण' लोकार्पण



**दमक/** समाजसेवी, पूर्वप्रधानपञ्च तथा लखनपुरका पूर्व गाविस अध्यक्ष भोजकुमार घिमिरेको जीवनी, आत्मकथा र संस्मरण समेटिएको कृति 'जीवन दर्पण' मंगलबार दमक-५ स्थित दीपिनी आधारभूत विद्यालयमा लोकार्पण गरिएको छ । कृतिकार घिमिरेको ८३औँ जन्मदिनको अवसर पारेर आयोजित कार्यक्रममा साहित्य, शिक्षा, राजनीति तथा सामाजिक क्षेत्रका व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

स्वागत मन्तव्यको क्रममा कृतिकार भोजराज घिमिरेले पुस्तक प्रकाशन गर्ने प्रेरणा डा. गोविन्दराज भट्टराईबाट मिलेको उल्लेख गरे । हेम अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकार तथा भाषाविद् प्रा. डा. गोविन्दराज भट्टराई प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष प्रा. डा. गोपालप्रसाद भण्डारी, साहित्यकार लेखनाथ घिमिरे, पूर्व नगर प्रमुख रोमनाथ ओलीलगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै भोजकुमार घिमिरेको सामाजिक, शैक्षिक तथा राजनीतिक योगदानको चर्चा गरेका थिए । कृतिकारलाई जन्मदिनको शुभकामना दिँदै फूलमाला, अविर र सम्मानसमेत अर्पण गरिएको थियो ।

पाँच खण्डमा विभाजित 'जीवन दर्पण' मा कार्यसंस्मरण, आत्मकथा, जीवनी, यात्रा संस्मरण र पारिवारिक जीवनका विविध आयाम समेटिएका छन् । कृतिमा भोजकुमार घिमिरेलाई नजिकबाट चिन्ने विभिन्न व्यक्तित्वका संस्मरण तथा अनुभवहरु पनि समावेश गरिएका छन् ।

कार्यक्रममा कृतिको समीक्षा गर्दै साहित्यकार तथा प्राध्यापक डा. व्यञ्जना शर्माले 'जीवन दर्पण' केवल एउटा व्यक्तिको जीवनी नभई एक युगको सामाजिक, राजनीतिक र सांस्कृतिक इतिहासको दस्तावेज बनेको बताइन् । उनले पुस्तकमा समेटिएका संस्मरणहरूले घिमिरेको स्वच्छ छवि, जनताप्रतिको समर्पण र सरल व्यक्तित्वलाई उजागर गरेको उल्लेख गरिन् । वर्तमान समयमा भ्रष्टाचार र स्वार्थले राजनीति प्रभावित भइरहेका बेला भोजकुमार घिमिरेजस्ता इमानदार र जनमुखी नेता दुर्लभ बन्दै गएको उनको भनाइ थियो ।

बाँकी ४ पेजमा ▸▸

## झापामा रोपाइँ अन्तिम चरणमा

**दमक/** झापामा रोपाइँ सकिन लागेको छ। साउनको १८ गतेसम्म झापामा ९४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले बताए। उनले (खसिया- खरियन) बाहेक रोपाइँ सकिएको बताउँदै साउनभरिमा शतप्रतिशत रोपाइँ सकिने जानकारी दिए। झापामा ७५ हजार ४५९ हेक्टर जग्गामा खेती हुने गरेको छ। जुन कुल भूभागको ७६ प्रतिशत हो।

## झापा गाउँपालिकामै मालपोत र नापी सेवा सुरु

**दमक/** झापा गाउँपालिकाले आफ्नै भूमि व्यवस्थापन शाखामार्फत् मालपोत तथा नापीसम्बन्धी सेवा सुरु गरेको छ। सेवाको सुरुवातसँगै स्थानीय नागरिकले अब यस्ता कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हट्ने भएको छ। गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले सेवा शुभारम्भ गर्दै स्थानीयलाई छिटो, सहज र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले सेवा सुरु गरिएको बताइन्।

पहिलो चरणमा जग्गा खरिद-बिक्री, राजीनामा, हकछोड तथा लिखत पारितलगायतका सेवा प्रदान गरिने गाउँपालिकाले जनाएको छ। यस्तै अंशवण्डा, नामसारी, कित्ताकाट, नक्सा प्रिन्ट, अभिलेख अद्यावधिक र राजस्व संकलनसम्बन्धी सेवा पनि स्थानीय तहबाटै उपलब्ध हुने प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाले जानकारी दिए।

# ग्यासको माग बढेपछि सरकारको पहल, आयात बढाउने निर्णय

### निगम भन्छ- मौज्दात पर्याप्त छ

पूर्वसन्देश समाचार

**दमक/** देशका विभिन्न स्थानमा एलपी ग्यास अभाव देखिएको गुनासो बढिरहेका बेला सरकारले आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन सक्रियता बढाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको उच्चस्तरीय छलफलले आगामी तीन महिनासम्म प्रत्येक महिना ५० हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास आयात गर्ने निर्णय गरेको छ भने नेपाल आयल निगमले बजारमा ग्यासको वास्तविक अभाव नरहेको जनाएको छ ।

सरकारका मुख्य सचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा भएको बैठकमा ग्यास आपूर्ति, वितरण प्रणाली र उपभोक्ताले भोगिरहेका समस्याबारे विस्तृत छलफल गरिएको थियो । बैठकले ग्यास आपूर्ति प्रभावित क्षेत्रमा वितरण प्रणालीलाई थप व्यवस्थित, नियमित र सहज बनाउने तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय गर्ने निर्णय गरेको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

आगामी दशैं, तिहारलगायतका चाडपर्वमा ग्यासको माग बढ्ने अनुमान गर्दै सरकारले पर्याप्त आपूर्ति सुनिश्चित गर्न आयात बढाउने निर्णय गरेको हो । बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल आयल निगम, ग्यास उद्योगी तथा वितरण व्यवसायीका प्रतिनिधिहरु सहभागी थिए ।

यसैबीच नेपाल आयल निगमले देशभर मागअनुसार एलपी ग्यास आपूर्ति भइरहेको दाबी गरेको छ । निगमका अनुसार सामान्य अवस्थामा मासिक औसत ४७ हजार मेट्रिक टन ग्यास खपत हुने गरेकोमा पछिल्लो आकस्मिक मागलाई सम्बोधन गर्न आयात परिमाण बढाइएको छ । साउन १ देखि १८ गतेसम्म मात्रै ३१ हजार ८१६ मेट्रिक टन ग्यास आयात भइसकेको निगमले जनाएको छ ।

निगमले उपत्यकामा उच्च माग भएका क्षेत्रमा सहज आपूर्ति सुनिश्चित गर्न टेकुस्थित कार्यालयबाट समेत ग्यास बिक्री व्यवस्था मिलाएको छ । नेपाल ग्यास, एचपी ग्यास, एभरेष्ट ग्यास, सुगम ग्यास र श्रीराम ग्यास वितरण भइरहेको निगमले जनाएको छ ।

ग्यास उद्योगी तथा व्यवसायीहरूले पनि बजारमा देखिएको समस्या वास्तविक आपूर्ति अभावभन्दा बढी

बाँकी ४ पेजमा ▸▸

### दूई सातामा ३० हजार मेट्रिकटन आयात

दमक । पछिल्लो करीब दुई सातामा ३० हजार मेट्रिक टन खाना पकाउने एलपी ग्यास नेपाल भित्रिएको व्यवसायीहरूको दाबी छ । दैनिक औसत १०० भन्दा बढी बुलेट ग्यास आयात भइरहेको दाबी उद्योगीहरूले गरेका छन् । तर, आपूर्ति पर्याप्त देखिए पनि काठमाडौं उपत्यकासहित विभिन्न स्थानका उपभोक्ता अझै ग्यासका लागि लाइन बस्न बाध्य छन् ।

नेपाल आयल निगमको टेकु स्थीत पुरानो कार्यालयमा दिनहुँजसो ग्यास साट्ने आउने उपभोक्ताको लामो लाइन छ । अन्य डिपो र पसलमा समेत ग्यास नपाइएपछि उपभोक्ता हैरान भएका छन् । ग्यास आयात र बजारमा देखिएको अभावबीचको अन्तरले अहिले मुख्य प्रश्न उठेको छ - समस्या ग्यास आपुर्तिको हो कि वितरण प्रणालीको ? एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवान चन्दका अनुसार असार ३१ गतेदेखि पछिल्लो १६ दिनमा करिब ३० हजार मेट्रिक टन ग्यास आयात भइसकेको छ । यही गतिमा आयात भइरहे साउन महिना भित्रमा मात्रै करिब ५० हजार मेट्रिक टनसम्म ग्यास भित्रिन सक्ने उनको भनाइ छ ।

## झापामा स्क्रब टाइफस संक्रमण बढ्दै

**दमक/** झापामा आर्थिक वर्ष २०८२-८३ मा ६ सय ९६ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय झापाका अनुसार सबैभन्दा धेरै बिर्तामोडमा ५९८ जना संक्रमित भेटिएका छन् । स्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरीक्षक युवनाथ बरालका अनुसार दमकमा ४३, मेचीनगरमा २५, कमलमा १६, कनकाईमा ६, हल्दिबारीमा ५, झापा गाउँपालिकामा २ र भद्रपुरमा १ जनामा संक्रमण देखिएको हो ।

स्क्रब टाइफस संक्रमित किर्नाको टोकाइबाट सर्ने रोग भएको बरालले बताए । उनका अनुसार उच्च ज्वरो, शरीर दुख्ने, खोकी, वान्ता, पखाला, श्वासप्रश्वासमा समस्या तथा टोकेको स्थानमा कालो दाग देखिनु यसका प्रमुख लक्षण हुन् । स्वास्थ्य कार्यालयले खेतबारी, झाडी तथा वन क्षेत्रमा जाँदा सावधानी अपनाउन, लामो बाहुलाको कपडा र जुत्ता प्रयोग गर्न तथा घर वरपरको वातावरण सफा राख्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

## सुनसरी घटनापछि शान्ति र सद्भाव कायम गर्न सरकारी पहल तीव्र

**दमक/** सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा भएको घटनापछि सामाजिक सद्भाव कायम राख्न सरकारले संवाद, सुरक्षा व्यवस्थापन र समन्वयलाई तीव्र बनाएको छ। घटनामा घाइते रविन्द्र मेहताको उपचारका क्रममा मृत्यु भएपछि मानवीय क्षति बढे पनि थप अप्रिय घटना हुन नदिन सरकारले प्रभावित पक्षसँग छलफल र सुरक्षा सतर्कता बढाएको हो। २२ वर्षीय रविन्द्र मेहताको मंगलबार त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका क्रममा मृत्यु भएको हो। बायाँ तिघ्रामा गोली लागेर गम्भीर घाइते भएका उनलाई विराटनगरमा उपचारपछि थप उपचारका लागि शुक्रबार एयर एम्बुलेन्समार्फत काठमाडौं ल्याइएको थियो। उपचारका क्रममा खुट्टाको शल्यक्रिया गरिए पनि स्वास्थ्यमा सुधार आउन नसकेपछि उनको मृत्यु भएको हो।

यस घटनामा यसअघि सुनसरीका ओमप्रकाश मेहता र जयप्रकाश मेहता तथा सिराहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गणेश यादवको मृत्यु भएको थियो। घटनामा घाइते अन्य व्यक्तिको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

घटनापछि गृहमन्त्री सुधन गुरुङले प्रभावित समुदायका प्रतिनिधि, स्थानीय सरोकारवाला र मृतकका परिवारसँग संवाद अघि बढाएका छन्। उनले हिन्दु र मुस्लिम समुदायका अगुवासँग छुट्टाछुट्टै छलफल गर्दै सामाजिक सद्भाव, शान्ति र आपसी विश्वास कायम राख्न सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन्।

यसअघि सुनसरीमा ज्यान गुमाएका ओमप्रकाश र जयप्रकाश मेहताका परिवारसँग सरकारले सातबुँदे सहमति गरिसकेको छ। सहमतिअनुसार मृतकलाई सहिद घोषणा गर्ने प्रक्रिया अघि बढाउने, परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने, एक सदस्यलाई रोजगारी दिने तथा घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्ने व्यवस्था गरिएको छ। स्थानीय तह र कोशी प्रदेश सरकारले समेत राहत तथा सहयोगको घोषणा गरेका छन्।

## मुख्यमन्त्री कार्कीविरूद्ध एमाले सांसदको हस्ताक्षर अभियान

**विराटनगर/** कोशी प्रदेशका मुख्यमन्त्री तथा नेकपा (एमाले) संसदीय दलका नेता हिक्मतकुमार कार्कीविरूद्ध एमालेभित्र हस्ताक्षर अभियान तीव्र बनेको छ । मुख्यमन्त्री परिवर्तनको पक्षमा रहेका सांसदहरूले सोमबार साँझसम्म ३१ जना सांसदको हस्ताक्षर जुटाउने दाबी गरेका छन् भने शीर्ष नेतृत्वसँगको छलफलबाट सहमति नजुटे उक्त हस्ताक्षरलाई दलको नेतामाथि अविश्वास प्रस्ताव अघि बढाउन प्रयोग गर्ने तयारी गरिएको स्रोतले जनाएको छ ।

स्रोतका अनुसार हस्ताक्षर अभियानमा केही मन्त्रीसमेत सहभागी भएका छन् । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री तिलचन पाठक तथा आन्तरिक मामिला तथा कानुन मन्त्री एवं सरकारका प्रवक्ता इन्द्रमणि पराजुलीले हस्ताक्षर गरेको दाबी गरिएको छ । यस्तै सामाजिक विकास मन्त्री रामकुमार मेताले राजीनामा दिएर अभियानमा सहभागी हुने तयारी गरेको स्रोतको भनाइ छ । अभियानमा सक्रिय एक सांसदका अनुसार पार्टी अध्यक्ष केपी शर्मा ओलीसँगको छलफलबाट समाधान ननिस्किए मुख्यमन्त्री परिवर्तनको प्रक्रिया अघि बढाइनेछ ।

बाँकी ४ पेजमा ▸▸

## अर्जुनधारा जलेश्वरधाममा ४० हजार भक्तजनद्वारा जलार्पण

**झापा/** साउन महिनाको तेस्रो सोमबार झापाको अर्जुनधारा नगरपालिका-७ स्थित प्रसिद्ध धार्मिकस्थल श्री अर्जुनधारा जलेश्वरधाममा करिब ४० हजार भक्तजनले पूजा, दर्शन र जलार्पण गरेका छन् ।

धाम व्यवस्थापन समितिका कोषाध्यक्ष मनोज जोशीका अनुसार सोमबार बिहानैदेखि लागेको भक्तजनको भीड बेलुकासम्म निरन्तर रहेको थियो । नेपालका विभिन्न जिल्ला तथा भारत र भुटानबाट आएका श्रद्धालुले भगवान शिवको पूजा आराधना गरेका थिए ।

यस वर्षको तेस्रो सोमबार अघिल्ला दुई सोमबारको तुलनामा भक्तजनको उपस्थिति उल्लेख्य रूपमा बढेको जोशीले बताए । भक्तजनको सहजताका लागि धाम व्यवस्थापन समितिले स्वयंसेवक परिचालन, सुरक्षा व्यवस्था, खानेपानी, सरसफाइ र स्वास्थ्य सहायता कक्ष सञ्चालन गरेको



थियो । पूर्वको पशुपतिनाथका रूपमा परिचित अर्जुनधारा जलेश्वरधाममा साउन महिनाभर विशेष धार्मिक कार्यक्रम हुँदै आएका छन् । धामका मूल गुरू अग्निप्रसाद सिग्देलका अनुसार मान्य दिनमा समेत

बाँकी ४ पेजमा ▸▸


## ट्रान्सफर्मर खरिदको शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/१९ गते*

यस संस्थाको वार्ड नं. १० स्थित टेंकी स्थलमा जडान गर्न ट्रान्सफर्मर खरिद गर्न NEEK वा सोसरहको 11/0.4kV, 150kVA, 3-ph, 50Hz ONAN, IEC/NEA standard, No load loss (Watts)295, Load loss (Watts)1675 मापदण्डको स्टमेट बमोजिम मु.अ.ब. कर सहित रु.१०,००,०००/- अक्षेरिपी दश लाख रुपैयाँ मात्र नबढ्ने गरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट तयार गरेको कोटेशन भरी शिलबन्दी कोटेशन पेश गर्न सम्बन्धित ट्रान्सफर्मर उत्पादन कम्पनी वा सप्लायर्सलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
दमक-१, झापा

# सम्पादकीय

## पूर्वाधार निर्माणमा लापरबाही

नेपालमा राष्ट्रिय गौरव तथा रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरु तोकिएको समयमै सम्पन्न हुन नसक्नु नयाँ विषय रहेन । एशियाली विकास बैंक (एडिबी) को ४६ अर्ब रूपैयाँ ऋण सहयोगमा निर्माणाधीन एसियन हाइवे (काँकडभिट्टा-लौकही सडक खण्ड) पनि अहिले सरकारी निकायहरुबीचको फितलो समन्वय र ठेकेदारको गैरजिम्मेवारीपनको सिकार बनेको छ । आयोजना क्षेत्रमा रहेका बिजुलीका पोलहरु बेलैमा स्थानान्तरण नहुँदा ८५ किलोमिटर लामो यस महत्वपूर्ण सडकको स्तरोन्नति कार्य नराम्ररी प्रभावित भएको छ, जसले समग्र आयोजनाको भविष्यमाथि नै प्रश्नचिन्ह खडा गरिदिएको छ ।

सडक विस्तारको काम सुस्त हुनुमा नेपाल विद्युत प्राधिकरण र निर्माण कम्पनीहरुको लापर्बाही स्पष्ट देखिन्छ । झापाको दमक बजार क्षेत्रमा विद्युतीय पोलकै कारण फ्लाई ओभर निर्माणको काम ठप्प हुनु र क्षेत्रीय कार्यालय विराटनगरबाट पोल सार्ने ठेक्का पाएको सोहन कन्स्ट्रक्सन १५ दिनदेखि सम्पर्कविहीन हुनु चरम गैरजिम्मेवारीको उदाहरण हो । पूर्वी खण्डको ४५ किलोमिटर क्षेत्रमा रहेका ८ सय पोलमध्ये दुई महिनामा जम्मा ८० देखि १०० वटा मात्र सार्नुले कामको गति कति धीमा छ भन्ने पुष्टि गर्छ । समग्र आयोजना क्षेत्रमा हालसम्म करिब ३० प्रतिशत मात्रै पोल स्थानान्तरण हुनु र सन् २०२७ को जनवरीभित्र काम सम्पन्न गर्नुपर्ने लक्ष्य रहँदा अझै १ हजार ५ सयभन्दा बढी पोल हटाउन बाँकी रहनुले समयमै निर्माण सकिनेमा गम्भीर संशय पैदा गरेको छ ।

आयोजना प्रमुखहरु र ठेकेदार कम्पनीहरुले खानेपानीका पाइप, सहरी क्षेत्रको संरचना वा विद्युत प्राधिकरणलाई दोष देखाएर पन्छिन खोजे पनि यस्ता प्राविधिक र प्रशासनिक अड्चनहरु आयोजना सुरू हुनुअघि नै सुल्झ्याउनुपर्ने विषय हुन् । निर्माण सुरू भइसकेपछि पनि निकायहरुबीच समन्वय नहुनु र जिम्मेवारी पाएका कम्पनीहरु अलप हुनुले नियमनकारी निकायको फितलो अनुगमनलाई उजागर गर्छ । तसर्थ, सम्बन्धित मन्त्रालय, सडक विभाग र नेपाल विद्युत प्राधिकरणले तत्काल गम्भीरता देखाएर सम्पर्कविहीन ठेकेदारमाथि कडा कानुनी कारबाही अघि बढाउनुपर्छ । साथै, अन्तर-निकाय समन्वयलाई तीव्र बनाउँदै पोल तथा खानेपानीका पाइप स्थानान्तरणको कामलाई युद्धस्तरमा अघि नबढाउने हो भने यो आयोजना पनि बजेट र समय दुवै बढाउने अर्को आयोजना बन्ने पक्का छ ।

# विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता



प्रा.डा. कृष्णकान्त पराजुली

विश्वविद्यालय स्थापनाको मूल उद्देश्य ज्ञान उत्पादन गर्नु र त्यसलाई वितरण गर्नु हो । यस प्रक्रियाको केन्द्रमा रहने प्राध्यापक विश्वविद्यालयका बौद्धिक सम्पदाको वितरक तथा ज्ञान उत्पादनका प्रमुख संवाहक हुन् । अनुसन्धानमार्फत उनीहरूले नयाँ तथ्य, सिद्धान्त, प्रविधि वा समाधानको विकास गरी समाज, राष्ट्र र विश्वका लागि नयाँ ज्ञान उत्पादन गर्छन् । त्यस ज्ञानलाई कक्षाकोठा, अध्यापन, सेमिनार, सम्मेलन, कार्यशाला, अनुसन्धान लेख, पुस्तक तथा अन्य शैक्षिक प्रकाशनमार्फत विद्यार्थी, अनुसन्धानकर्ता र समाजमा वितरण गर्छन् ।

विश्वविद्यालय केवल ज्ञान हस्तान्तरण गर्ने संस्था मात्र नभई निरन्तर नयाँ ज्ञान उत्पादन, परीक्षण र प्रसार गर्ने बौद्धिक केन्द्रका रूपमा स्थापित हुन्छ; जहाँ अनुसन्धान र अध्यापन एकअर्काका परिपूरक र अविभाज्य आधार हुन् । प्रभावकारी अध्यापन र गुणस्तरीय अनुसन्धानका लागि प्राध्यापकले कक्षाकोठाभित्र मात्र सीमित नभई शैक्षिक अन्तक्रिया तथा अनलाइन शिक्षण-सिकाइमा सक्रिय रहँदै आफ्नो ज्ञान र सिपलाई निरन्तर अद्यावधिक गर्नु पर्छ । यही निरन्तर बौद्धिक सक्रियताले विश्वविद्यालय ज्ञान उत्पादन, परीक्षण, नवप्रवर्तन र प्रसार गर्ने गतिशील बौद्धिक केन्द्रका रूपमा स्थापित हुन्छ ।

विश्वविद्यालयले आफ्नो मूल उद्देश्य अनुसार ज्ञान उत्पादन र वितरण गर्न विश्वविद्यालयका प्राध्यापकलाई केवल अध्यापन गर्ने कर्मचारीका रूपमा होइन, ज्ञान सिर्जनाकर्ता र प्राज्ञिक नेतृत्वकर्ताका रूपमा कार्य गर्न सक्ने वातावरण सुनिश्चित गर्नु पर्छ; जुन अन्तर्राष्ट्रिय अभ्यास पनि हो । यसका लागि शैक्षिक स्वतन्त्रता, अनुसन्धानमैत्री वातावरण, आधुनिक अनुसन्धान पूर्वाधार, व्यक्तिगत कार्यालय, प्रयोगशाला, समृद्ध पुस्तकालय, उच्च गतिको इन्टरनेट तथा अनुसन्धान डाटाबेसमा पहुँच उपलब्ध गराइनु पर्छ । अध्यापन, अनुसन्धान र संस्थागत सेवाबिच सन्तुलित कार्यभार निर्धारण गरी अनुसन्धानका लागि पर्याप्त समय सुनिश्चित गरिनु पर्छ । प्राध्यापकको व्यावसायिक विकासका लागि सेमिनार, सम्मेलन, तालिम, अन्तर्राष्ट्रिय सहकार्य तथा अनुसन्धान अनुदानको व्यवस्था, जर्नल तथा पुस्तक प्रकाशनमा आर्थिक सहयोग, सहज जीवनयापनका लागि प्रतिस्पर्धी पारिश्रमिक, पारदर्शी पदोन्नति प्रणाली, सामाजिक सुरक्षा आदि सुनिश्चित गर्न आवश्यक छ । विश्वका उत्कृष्ट विश्वविद्यालयहरूको अभ्यासले प्राध्यापकका लागि अनुकूल शैक्षिक तथा अनुसन्धान वातावरण, पर्याप्त पूर्वाधार र संस्थागत सहयोग उपलब्ध गराउँदा ज्ञान उत्पादन, गुणस्तरीय अध्यापन तथा नवप्रवर्तनमा उल्लेखनीय वृद्धि हुने तथ्य स्थापित गरेको छ ।

अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग तुलना गर्दा नेपालका विश्वविद्यालयको व्यवस्थापन प्रणाली तथा राज्यको अनुदान नीतिमा उल्लेखनीय सुधार आवश्यक देखिन्छ । अधिकांश विश्वविद्यालयमा अनुसन्धान, नवप्रवर्तन र गुणस्तरीय अध्यापनलाई केन्द्रमा राखी स्रोतसाधन परिचालन गर्ने स्पष्ट रणनीति तथा परिणाममुखी व्यवस्थापन प्रणालीको अभाव छ । राज्यको अनुदान पनि प्रायः नियमित प्रशासनिक तथा सञ्चालन खर्चमै सीमित रहने गरेको छ भने अनुसन्धान पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, डिजिटल डाटाबेस, प्रतिस्पर्धात्मक अनुसन्धान कोष तथा अन्तर्राष्ट्रिय सहकार्यमा पर्याप्त लगानी हुन सकेको छैन । फलस्वरूप प्राध्यापकमा नियमित अध्ययन, अनुसन्धान र ज्ञान अद्यावधिक गर्ने अवसर सीमित हुँदा नयाँ ज्ञान उत्पादन कमजोर बनेको छ । अनुसन्धान कमजोर हुँदा अध्यापन पनि अद्यावधिक र अनुसन्धानमा आधारित हुन सक्दैन; जसले विद्यार्थी तथा समाजमा हुने ज्ञान वितरणको गुणस्तरलाई समेत प्रत्यक्ष रूपमा प्रभावित गर्छ ।

नेपाली विश्वविद्यालयका प्राध्यापकमा उल्लेखनीय शैक्षिक योगदान गर्ने धेरै उदाहरण भए पनि समग्र विश्वविद्यालय प्रणालीमा केही गम्भीर चुनौती देखिन्छन् । नियमित अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रियस्तरको प्रकाशन संस्कृति अपेक्षा अनुसार संस्थागत हुन सकेको छैन । अनुसन्धान प्रायः ज्ञान उत्पादन, नवप्रवर्तन वा राष्ट्रिय समस्याको समाधानभन्दा पदोन्नति, वृत्तिविकास वा औपचारिक मूल्यांकनका आवश्यकतामा केन्द्रित हुने गरेको भन्ने आलोचना पनि सुनिने गरेको छ । अनुसन्धानका निष्कर्षलाई अध्यापनमा समावेश गर्ने, अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्ने तथा अनुसन्धानलाई समाज र उद्योगसँग जोड्ने अभ्यास कमजोर छ । डिजिटल प्रविधि, बहुविषयगत अनुसन्धान र अन्तर्राष्ट्रिय अनुसन्धान सञ्जालमा सहभागिता पनि सीमित देखिन्छ । केही अवस्थामा प्राज्ञिक उत्तरदायित्वभन्दा सेवासुविधा र अधिकारप्रति बढी जोड दिने तथा कर्तव्यभन्दा अधिकारमुखी सोच हाबी हुने प्रवृत्तिबारे पनि प्रश्न उठ्ने गरेका छन् । यद्यपि यी चुनौती केवल प्राध्यापकसँग मात्र सम्बन्धित होइनन्; कमजोर अनुसन्धान पूर्वाधार, सीमित अनुदान, अत्यधिक अध्यापन भार, अस्थिर व्यवस्थापन तथा अनुसन्धानमैत्री नीतिको अभावले पनि यस अवस्थालाई प्रभावित गरेको छ ।

नेपाली विश्वविद्यालयका प्राध्यापकहरू सम्बन्धी संस्थागत अनुशासनका केही गुनासा समय समयमा उठ्ने गरेका छन् । तोकिएको कक्षा नियमित रूपमा नलिने, निर्धारित समयमा कक्षाभार पूरा नगर्ने, विद्यार्थी परामर्श तथा अनुसन्धान मार्गदर्शनमा पर्याप्त समय नदिने, शैक्षिक तथा अनुसन्धान गतिविधिमा अपेक्षित सक्रियता नदेखाउने तथा संस्थागत उत्तरदायित्वलाई पूर्ण रूपमा निर्वाह नगर्ने जस्ता प्रवृत्तिलाई गम्भीर रूपमा सम्बोधन गर्न आवश्यक छ ।

विश्वविद्यालयमा उत्तरदायित्व, अनुशासन र संस्थागत समन्वय कायम राख्न प्राध्यापकको नियमित कार्यालय उपस्थिति आवश्यक हुन्छ । कार्यालयमा दैनिक एक पटक उपस्थित हुने व्यवस्था संस्थागत अनुशासनका दृष्टिले उपयुक्त मान्न सकिन्छ । विश्वविद्यालय प्रशासनको सफलता प्राध्यापकको हाजिरीको कडाइबाट होइन; विश्वविद्यालयले उत्पादन गरेको ज्ञान, अनुसन्धानको गुणस्तर, नवप्रवर्तन, अन्तर्राष्ट्रिय प्रकाशन तथा शैक्षिक प्रतिष्ठाबाट मापन गरिनु पर्छ । विश्वविद्यालयका प्राध्यापकको कार्य कक्षाकोठाभित्र मात्र सीमित नभई अनुसन्धान, पुस्तकालय अध्ययन, अनुसन्धान संस्थासँगको सहकार्य, सेमिनार, सम्मेलन, थेसिस सुपरिवेक्षण तथा अन्तरविश्वविद्यालयीय अन्तक्रिया जस्ता गतिविधि पनि उनीहरूका नियमित जिम्मेवारी हुन् । यस्तो अवस्थामा प्रत्येक कक्षा सुरु हुनुअघि र समाप्तिपछि अनिवार्य रूपमा दुई पटक डिजिटल हाजिरी गर्नुपर्ने व्यवस्था व्यावहारिक मात्र होइन, विश्वविद्यालयीय कार्यको प्रकृतिसँग पनि मेल खाँदैन । यसले प्राध्यापकलाई अनावश्यक रूपमा क्याम्पसमा बाँधेर अनुसन्धान, अध्ययन र प्राज्ञिक सहकार्यका अवसर सीमित गर्न सक्छ । प्रभावकारी अध्यापनका लागि पनि एक घण्टाको कक्षापूर्व प्राध्यापकले कम्तीमा तीन घण्टा अध्ययन, सन्दर्भ सामग्रीको समीक्षा, अनुसन्धान र पाठ तयारीमा समय दिनुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ । विश्वविद्यालयीय उत्तरदायित्वको मापन भौतिक उपस्थितिले होइन; प्राध्यापकको ज्ञान उत्पादन, अनुसन्धानको गुणस्तर, अध्यापनको प्रभावकारिता र समाजमा पुऱ्याएको बौद्धिक योगदानका आधारमा गरिनु नै विश्वविद्यालयको मूल उद्देश्य र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग बढी अनुकूल हुन्छ ।

नेपालका अधिकांश विश्वविद्यालयका ऐनले प्रधानमन्त्रीलाई कुलपति र शिक्षामन्त्रीलाई सहकुलपति तोकी विश्वविद्यालयको नीतिगत संरक्षण र समन्वयको जिम्मेवारी दिएको छ । दैनिक शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक सञ्चालन भने उपकुलपति, रेक्टर र रजिस्ट्रार जस्ता सम्बन्धित क्षेत्रका विशेषज्ञ पदाधिकारी मार्फत हुने व्यवस्था गरिएको छ । व्यवहारमा विश्वविद्यालयको स्वायत्तता र प्राज्ञिक स्वतन्त्रताको सीमालाई पर्याप्त सम्मान नगरी राजनीतिक नेतृत्वबाट दैनिक प्रशासनिक तथा प्राज्ञिक निर्णयमा समेत निर्देशन दिने प्रवृत्तिबारे प्रश्न उठ्ने गरेका छन् । अर्कोतर्फ विश्वविद्यालयको स्वायत्त चरित्रको रक्षा गर्दै ऐनले प्रदान गरेको अधिकार प्रयोग गरी विश्वविद्यालयलाई प्राज्ञिक मापदण्डका आधारमा सञ्चालन गर्नुपर्ने उपकुलपतिहरू पनि कतिपय अवस्थामा स्वतन्त्र नेतृत्वभन्दा राजनीतिक निर्देशनको कार्यान्वयनमै सीमित हुने गरेको देखिन्छ ।

फलस्वरूप विश्वविद्यालयहरू स्वतन्त्र बौद्धिक संस्थाका रूपमा विकसित हुन नसकी सरकारी छायामा सञ्चालित संस्था जस्ता देखिन थालेका छन् । यसरी विश्वविद्यालयको नेतृत्वले आफूलाई नियुक्त गर्ने निकायप्रति उत्तरदायी देखिने प्रयासमा परिणाममुखी विश्वविद्यालय व्यवस्थापनभन्दा आदेश कार्यान्वयनलाई प्राथमिकता दिएको देखिन्छ । विश्वविद्यालय सञ्चालनको मूल आधार ज्ञान उत्पादन, अनुसन्धान र शैक्षिक उत्कृष्टता हो भन्ने तथ्यलाई स्पष्ट रूपमा स्थापित गर्न नसक्नु तथा प्राज्ञिक स्वायत्तताको पक्षमा दृढतापूर्वक उभिन नसक्नु नै विश्वविद्यालयीय नेतृत्वको प्रमुख चुनौती बनेको छ । विश्वविद्यालयको गरिमा, अनुसन्धान संस्कृति र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता सुदृढ गर्न ऐनले परिकल्पना गरेको स्वायत्तता, प्राज्ञिक नेतृत्व र संस्थागत उत्तरदायित्वको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन ।

उच्च शिक्षालाई राष्ट्रिय विकासको प्रमुख आधार बनाउन विश्वविद्यालयको सम्पूर्ण प्रणालीलाई परिणाममुखी, अनुसन्धानकेन्द्रित र स्वायत्त बनाउनु आवश्यक छ । यसका लागि सरकारको लगानी प्रशासनिक खर्चभन्दा बढी अनुसन्धान, प्रयोगशाला, डिजिटल स्रोत, अन्तर्राष्ट्रिय सहकार्य तथा प्रतिस्पर्धात्मक अनुसन्धान कोषमा केन्द्रित हुनु पर्छ । प्राध्यापकको मूल्याङ्कन भौतिक उपस्थितिका आधारमा मात्र होइन; अनुसन्धानको गुणस्तर, अध्यापनको प्रभावकारिता, विद्यार्थी मार्गदर्शन, प्रकाशन, नवप्रवर्तन तथा समाजमा पुऱ्याएको योगदानका आधारमा गरिनु पर्छ । संस्थागत अनुशासन सुनिश्चित गर्न प्रभावकारी अनुगमन, पारदर्शी कार्यसम्पादन मूल्याङ्कन तथा स्पष्ट दण्ड-पुरस्कार प्रणाली लागु गरिनु पर्छ तर प्राज्ञिक कार्यको प्रकृति अनुसार आवश्यक लचकता पनि कायम रहनु पर्छ ।

विश्वविद्यालयको नीतिगत नेतृत्व र दैनिक सञ्चालनबिच स्पष्ट सीमा निर्धारण गरी प्राज्ञिक निर्णय विशेषज्ञ नेतृत्वलाई नै सुम्पिनु पर्छ; जसले संस्थागत स्वायत्तता र उत्तरदायित्व दुवैलाई सुदृढ बनाउँछ । अतः विश्वविद्यालयको उत्कृष्टता नियन्त्रण, औपचारिकता वा प्रशासनिक कठोरताबाट होइन; बौद्धिक स्वतन्त्रता, गुणस्तरीय अनुसन्धान, उत्तरदायी नेतृत्व, सक्षम व्यवस्थापन र उपलब्धिमा आधारित मूल्याङ्कनबाट मात्र सम्भव हुन्छ । यही दिशामा भएका सुधारले नेपाली विश्वविद्यालयलाई विश्वसनीय, प्रतिस्पर्धी र अन्तर्राष्ट्रियस्तरको ज्ञान सिर्जना केन्द्रका रूपमा स्थापित गर्न सक्छ । (गोप)

# मानव शरीरका ७ चक्र : परम्पराले के भन्छ ?

*योग, तन्त्र र केही पूर्वीय दर्शनहरूमा मानव शरीरमा सात प्रमुख चक्र रहेको अवधारणा वर्णन गरिएको छ । संस्कृतमा 'चक्र' को अर्थ घुम्ने चक्का वा केन्द्र हो । यी चक्रहरूलाई शरीर र चेतनाबीचको ऊर्जात्मक केन्द्रका रूपमा व्याख्या गरिन्छ । आधुनिक चिकित्सा शास्त्रले चक्रहरूको भौतिक अस्तित्व वा ऊर्जात्मक संरचनालाई वैज्ञानिक रूपमा पुष्टि गरेको छैन । संख्या ७ लाई संसारका विभिन्न सभ्यता र संस्कृतिमा विशेष महत्वका साथ हेरिन्छ । सात महादेश, इन्द्रेणीका सात रंग, संगीतका सात स्वर र हिन्दू विवाहमा लिइने सात फेरा यसको उदाहरण हुन् । यिनै कारणले संख्या ७ आध्यात्मिक परम्परामा पनि विशेष स्थान राख्छ । त्यसैले यहाँ प्रस्तुत विवरणलाई वैज्ञानिक तथ्यभन्दा पनि योगिक तथा आध्यात्मिक परम्पराको दृष्टिकोणका रूपमा बुझ्नुपर्छ ।*

### १) मुलाधार चक्र

*मुलाधार चक्र मेरुदण्डको सबैभन्दा तल्लो भागमा रहेको पहिलो चक्र मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व पृथ्वी हो । यस चक्रसँग रातो रङ सम्बन्धित मानिन्छ भने यसको बीज मन्त्र 'लं' हो । जीवनको आधार, सुरक्षा, स्थिरता तथा अस्तित्वको भावनासँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ ।*

*यो चक्र सन्तुलित भएको विश्वास गरिँदा व्यक्ति धैर्यवान्, स्थिर, आत्मविश्वासी र परिस्थितिसँग सहज रूपमा जुध्न सक्ने हुन्छ । जीवनमा आउने परिवर्तनलाई शान्त मनले स्वीकार्ने क्षमता पनि यससँग सम्बन्धित मानिन्छ । मुलाधार चक्र असन्तुलित हुँदा असुरक्षाको भावना, भविष्यप्रतिको अत्यधिक चिन्ता, डर वा अस्थिरता बढ्न सक्ने योगिक मान्यता छ ।*

*केही योगिक परम्पराअनुसार यो चक्र अतिसक्रिय हुँदा व्यक्ति धन, सम्पत्ति, भोजन, आराम वा भौतिक वस्तुप्रति अत्यधिक आसक्त हुन सक्ने, परिवर्तन स्वीकार्न कठिन मान्ने तथा जिद्दी स्वभाव देखिन सक्ने विश्वास गरिन्छ । यस चक्रसँग सम्बन्धित अभ्यासहरूमा ध्यान, सचेत श्वासप्रश्वास, प्रकृतिमा समय बिताउने, नाङ्गो खुट्टाले जमिनमा हिँड्ने तथा 'लं' मन्त्रको जपलाई पनि उपयोगी मानिन्छ ।*

### २) स्वाधिष्ठान चक्र

*स्वाधिष्ठान चक्र नाभीभन्दा केही तल रहेको मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व जल हो । यस चक्रसँग सुन्तला रङ सम्बन्धित मानिन्छ भने यसको बीज मन्त्र 'वं' हो । यसले भावना, सिर्जनशीलता, आनन्द तथा मानवीय सम्बन्धसँग सम्बन्ध राख्ने विश्वास गरिन्छ । यो चक्र सन्तुलित हुँदा व्यक्ति भावनात्मक रूपमा सहज, सिर्जनशील र नयाँ अनुभव स्वीकार्न इच्छुक हुने मानिन्छ ।*

*असन्तुलित हुँदा प्रेरणाको कमी, भावनात्मक अस्थिरता वा सम्बन्धमा कठिनाइ देखिन सक्ने योगिक मान्यता छ ।*

*अतिसक्रिय अवस्थामा व्यक्ति भावनामा धेरै बग्ने, क्षणिक आनन्दको खोजीमा केन्द्रित हुने वा अरूप्रति अत्यधिक निर्भर बन्न सक्ने विश्वास गरिन्छ । ध्यानका क्रममा 'वं' मन्त्रको जपलाई पनि यस चक्रसँग सम्बन्धित अभ्यास मानिन्छ ।*

### ३) मणिपुर चक्र

*मणिपुर चक्र नाभीको माथिल्लो भागमा रहेको मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व अग्नि हो । यस चक्रसँग पहेँलो रङ सम्बन्धित मानिन्छ भने यसको बीज मन्त्र 'रं' हो । आत्मविश्वास, इच्छाशक्ति, आत्मअनुशासन तथा निर्णय क्षमतासँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ ।*

*यो चक्र सन्तुलित हुँदा व्यक्ति आफ्नो क्षमता पहिचान गर्ने, जिम्मेवारी बहन गर्ने र लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयास गर्ने स्वभावको हुने मानिन्छ । असन्तुलित हुँदा आत्मविश्वासमा कमी, निर्णय लिन कठिनाइ वा आत्मसन्देह बढ्न सक्ने योगिक मान्यता छ ।*

*अतिसक्रिय हुँदा अरूलाई नियन्त्रण गर्न खोज्ने, रिस चाँडै उठ्ने, प्रतिस्पर्धी भावना अत्यधिक हुने वा अहंकार बढ्न सक्ने विश्वास गरिन्छ । ध्यानका क्रममा 'रं' मन्त्रको जपलाई पनि उपयोगी मानिन्छ ।*

### ४) अनाहत चक्र

*अनाहत चक्र छातीको बीच भागमा रहेको चौथो चक्र मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व वायु हो । यस चक्रसँग हरियो रङ सम्बन्धित मानिन्छ भने यसको बीज मन्त्र 'यं' हो । प्रेम, करुणा, क्षमा, सहानुभूति तथा भावनात्मक सन्तुलनसँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ ।*

*यो चक्र सन्तुलित हुँदा व्यक्ति आफू र अरूप्रति दयालु, सहयोगी र क्षमाशील हुने मानिन्छ । असन्तुलित हुँदा सम्बन्धमा दूरी, भावनात्मक पीडा, एक्लोपन वा विश्वास गर्न कठिन हुने अवस्था आउन सक्ने योगिक मान्यता छ । अतिसक्रिय हुँदा व्यक्ति आफ्नै आवश्यकतालाई बेवास्ता गरेर अरूको समस्यामा अत्यधिक डुब्ने वा सम्बन्धमा अत्यधिक भावुक बन्न सक्ने विश्वास गरिन्छ । 'यं' मन्त्रको जपलाई पनि यस चक्रसँग सम्बन्धित अभ्यासका रूपमा लिइन्छ ।*

### ५) विशुद्ध चक्र

*विशुद्ध चक्र घाँटीको क्षेत्रमा रहेको मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व आकाश हो । यस चक्रसँग नीलो रङ सम्बन्धित मानिन्छ भने यसको बीज मन्त्र 'हं' हो । सत्य बोल्ने क्षमता, स्पष्ट अभिव्यक्ति, सुन्ने क्षमता तथा प्रभावकारी सञ्चारसँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ ।*

*यो चक्र सन्तुलित हुँदा व्यक्ति आफ्नो विचार सम्मानपूर्वक र स्पष्ट रूपमा व्यक्त गर्न सक्ने मानिन्छ । असन्तुलित हुँदा आफूलाई व्यक्त गर्न कठिन हुने, आफ्ना भावना दबाएर राख्ने वा आवश्यक कुरा भन्न नसक्ने अवस्था आउन सक्ने विश्वास गरिन्छ । अतिसक्रिय अवस्थामा व्यक्ति आवश्यकता भन्दा धेरै बोल्ने, अरूको कुरा कम सुन्ने वा आफ्नै विचारलाई सधैँ सही ठान्ने प्रवृत्ति देखिन सक्ने योगिक मान्यता छ । ध्यानका क्रममा 'हं' मन्त्रको जप गर्ने चलन पनि रहेको छ ।*

### ६) आज्ञा चक्र

*आज्ञा चक्र दुई भौँबीचको भागमा रहेको मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व मन (कतिपय परम्परामा महत्व) मानिन्छ, जुन पञ्चमहाभूतभन्दा माथिको चेतनाको स्तरलाई जनाउने अवधारणा हो । यस चक्रसँग गाढा नीलो (इन्डिगा) रङ सम्बन्धित मानिन्छ । यसको बीज मन्त्र धेरै परम्परामा 'ॐ' मानिन्छ भने केही परम्परामा 'क्षं' को पनि प्रयोग गरिन्छ । अन्तर्ज्ञान, विवेक, आत्मचिन्तन, कल्पनाशक्ति तथा गहिरो सोचसँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ । यो चक्र सन्तुलित हुँदा व्यक्ति स्पष्ट सोच्ने, निर्णय गर्दा विवेक प्रयोग गर्ने र आत्मविश्लेषण गर्न सक्षम हुने विश्वास गरिन्छ ।*

*असन्तुलित हुँदा निर्णयमा अन्योल, एकाग्रताको कमी वा आफ्नै विचारप्रति अनिश्चितता अनुभव हुन सक्ने योगिक मान्यता छ ।*

*अतिसक्रिय भएको विश्वास गरिने अवस्थामा व्यक्ति सामान्य घटनामा पनि अत्यधिक अर्थ खोज्ने, कल्पनामा धेरै हराउने वा आध्यात्मिक अनुभवलाई गलत रूपमा व्याख्या गर्ने प्रवृत्ति देखिन सक्ने मान्यता छ । 'तेस्रो नेत्र खुल्नु' वा अलौकिक शक्ति प्राप्त हुनु जस्ता दावीहरूलाई आधुनिक विज्ञानले पुष्टि गरेको छैन ।*

### ७) सहस्रार चक्र

*सहस्रार चक्र टाउकोको सबैभन्दा माथिल्लो भागमा रहेको सातौँ चक्र मानिन्छ । योगिक परम्पराअनुसार यसको सम्बन्धित तत्व शुद्ध चेतना मानिन्छ, जुन पञ्चमहाभूतभन्दा परको अवस्थालाई जनाउने अवधारणा हो । यस चक्रसँग बैजनी वा सेतो रङ सम्बन्धित मानिन्छ । परम्परागत रूपमा यसको कुनै निश्चित बीज मन्त्र मानिएको छैन, तर धेरै साधकहरूले ध्यानका क्रममा 'ॐ' को जप गर्ने गर्छन् । यसलाई चेतनाको उच्च अवस्था, आत्मबोध तथा आध्यात्मिक विकाससँग सम्बन्धित मानिन्छ ।*

*यो चक्र सन्तुलित हुँदा व्यक्ति गहिरो शान्ति, जीवनप्रति सकारात्मक दृष्टिकोण र आत्मिक सन्तुष्टिको अनुभूति गर्न सक्ने विश्वास गरिन्छ । असन्तुलित हुँदा जीवनको उद्देश्यबारे अन्योल, आन्तरिक खालीपन वा आध्यात्मिक रुचिमा कमी अनुभव हुन सक्ने योगिक मान्यता छ । अतिसक्रिय अवस्थामा व्यक्ति दैनिक जिम्मेवारीभन्दा आध्यात्मिक विषयमै अत्यधिक डुब्ने, व्यावहारिक जीवनलाई बेवास्ता गर्ने वा आफूलाई विशेष आध्यात्मिक स्तरमा पुगेको ठान्ने प्रवृत्ति देखिन सक्ने विश्वास गरिन्छ ।*

### निष्कर्ष

*सात चक्रको अवधारणा हजारौँ वर्षदेखि योग, ध्यान र तान्त्रिक दर्शनको महत्त्वपूर्ण हिस्सा रहँदै आएको छ । धेरै साधकले ध्यान, योग र आत्मचिन्तनका माध्यमबाट यी चक्रहरूको सन्तुलनमा काम गर्ने प्रयास गर्छन् । यद्यपि आधुनिक विज्ञानले चक्रहरूको अस्तित्वलाई प्रमाणित गरेको छैन, त्यसैले यसलाई आध्यात्मिक तथा दार्शनिक अवधारणाका रूपमा बुझ्नु उपयुक्त हुन्छ । यदि विवेकपूर्ण ढंगले योग, ध्यान, स्वस्थ जीवनशैली र आत्मचिन्तनसँग जोडेर अभ्यास गरियो भने यसले मानसिक शान्ति, आत्मअनुशासन र सकारात्मक सोचको विकासमा सहयोग पुग्न सक्ने अनुभव धेरै साधकहरूले साझा गर्ने गरेका छन् । -*

*संकलक :* ***अशेष अधिकारी***

*(एआई र गुगलको सहयोगमा)*

## झापाको धिमाल समुदाय:

# भाषा र कला संरक्षण नभएको गुनासो



डिकेश लामा

नेपालको पूर्वी तराईमा परापूर्वकालदेखि बसोवास गर्दै आएको धिमाल समुदायलाई झापा र मोरङका विभिन्न स्थानीय तहले प्रथम नागरिक वा पहिलो जातिका रूपमा मान्यता दिएका छन् । यसले समुदायको ऐतिहासिक पहिचान र सार्वजनिक सम्मान बढाए पनि शिक्षा, स्वास्थ्य, रोजगारी, मातृभाषा संरक्षण र राजनीतिक सहभागितामा अपेक्षित सुधार हुन नसकेको समुदायका अगुवाहरूले बताएका छन् ।

आफ्नै भाषा, संस्कृति, भेषभूषा, परम्परा र सामाजिक जीवनशैली बोकेको धिमाल समुदायको मुख्य बसोवास झापा र मोरङमा छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा धिमाल जातिको जनसङ्ख्या २५ हजार ६ सय ४३ रहेको छ ।

दमक नगरपालिकाले २०७४ साल असोज ३० गते सम्पन्न प्रथम नगरसभाबाट धिमाल समुदायलाई नगरको पहिलो नागरिक घोषणा गरेको थियो। घोषणासँगै नगरपालिकाका औपचारिक कार्यक्रम तथा सार्वजनिक समारोहमा धिमाल समुदायको सहभागितालाई प्राथमिकता दिने निर्णयसमेत गरिएको थियो । दमक नगरपालिकाका प्रमुख रामकुमार थापाका अनुसार नगरपालिकाले धिमाल समुदायको ऐतिहासिक पहिचान र योगदानलाई स्वीकार गर्दै पहिलो नागरिक घोषणा गरेको हो । यद्यपि उक्त घोषणाले अझै स्पष्ट कानुनी आधार र संस्थागत स्वरूप प्राप्त गर्न नसकेको उनले बताए । दमकपछि मोरङका बेलबारी, पथरीशनिश्चरे र उर्लाबारीलगायत स्थानीय तहले पनि धिमाल समुदायलाई पहिलो जाति वा प्रथम नागरिकका रूपमा मान्यता दिएका छन् । धिमाल समुदायको प्रमुख सांस्कृतिक पर्व जातिरी समापन हुने असार २ गते दमकसहित विभिन्न स्थानीय तहले सार्वजनिक बिदा दिन थालेका छन् ।

कोशी प्रदेशसभा सदस्य तथा धिमाल समुदायका अगुवा नम्बरलाल धिमालले प्रथम नागरिक घोषणा गरिएका स्थानीय तहमा धिमाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्नुपर्ने माग अघि सारिएको बताए । घोषणा केवल सांस्कृतिक सम्मानमा सीमित नभई भाषा, शिक्षा, रोजगारी र नीति निर्माणमा समुदायको अधिकार स्थापित गर्ने माध्यम बन्नुपर्ने उनको भनाइ छ ।

धिमाल समुदायका अगुवाहरूले मातृभाषामा शिक्षा, लक्षित छात्रवृत्ति, रोजगारीका अवसर, व्यावसायिक सीप विकास, सहज स्वास्थ्य सेवा तथा स्थानीय निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको माग गर्दै आएका छन् ।

धिमाल जातीय विकास केन्द्रका कार्यवाहक अध्यक्ष केदार धिमालले प्रथम नागरिकको घोषणा औपचारिक कार्यक्रम, स्वागत र सांस्कृतिक उत्सवमा मात्र सीमित हुन नहुने बताए । घोषणालाई व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तहहरूले स्पष्ट नीति, बजेट र दीर्घकालीन कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ ।

उनका अनुसार धिमाल भाषाको संरक्षण र पुस्तान्तरणका लागि विद्यालय तहमा मातृभाषा शिक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता छ । समुदायका बालबालिका र युवाका लागि छात्रवृत्ति, प्राविधिक शिक्षा, रोजगारी तथा उद्यमशीलताका कार्यक्रम सञ्चालन नगरिए घोषणाले उनीहरूको जीवनस्तरमा ठोस परिवर्तन ल्याउन नसक्ने उनले बताए । धिमाल समुदायलाई प्रथम नागरिक घोषणा गर्नु उनीहरूको इतिहास, योगदान र पहिचानलाई स्वीकार गर्ने महत्वपूर्ण कदम मानिएको छ । तर घोषणाको वास्तविक सफलता औपचारिक सम्मानबाट मात्र नभई शिक्षा, स्वास्थ्य, रोजगारी, मातृभाषा संरक्षण तथा राजनीतिक र प्रशासनिक निर्णय प्रक्रियामा समुदायले प्राप्त गर्ने अवसर र सहभागिताबाट निर्धारण हुने उनीहरूको भनाइ छ ।

### स्वास्थ्य खबर

## गुणस्तरीय नर्सिङ शिक्षा कायमको माग गर्दै




**दमक**/ नर्सहरूको मुद्दामा सरकार गम्भीर नभएको र नीतिगत तवरबाट समस्या समाधानमा केन्द्रित नभएको भन्दै नर्सहरूले सोमबार वीर अस्पताल अगाडी प्रदर्शन गरेका छन् । उनीहरूले नर्समाथि श्रम शोषण हुँदासमेत सरकार मूकदर्शक बनेको भन्दै प्लेकार्डसहित प्रदर्शन गरेका हुन् । अनसनरत ज्योति रानाभाटले उठाएका मागहरूलाई यथाशीघ्र सम्बोधन गर्न सरकारसँग माग गरेका छन् । मंगलबार रानाभाटको अनसनको पाँचौं दिन हो । त्रिवि शिक्षण अस्पताल र वीर अस्पतालका नर्सहरूले गुणस्तरीय नर्सिङ शिक्षा कायम हुनुपर्ने, बिरामी सुरक्षाको सुनिश्चितता हुनुपर्ने, सम्मानजनक सेवा सुविधा उपलब्ध हुनुपर्ने लगायतका प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

यसैबिच नेपाल चिकित्सक संघले अनसनरत रानाभाटको जीवन रक्षाको माग गरेको छ । आज सोमबार विज्ञप्ति जारी गर्दै संघले रानाभाटका जायज मागहरूलाई सम्बोधन गर्न सरकारसँग माग गरेको हो । अहिले रानाभाटको वीर अस्पतालको आइसियुमा उपचार जारी छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले रानाभाटको मागका विषयमा वार्तामार्फत समाधान गर्न लागी परिरहेको बताएकी थिइन् । सरकारले नर्सका समस्यालाई दीर्घकालीन हल गर्नुपर्ने कार्यान्वयनसहितको सुनिश्चितताको खोजीमा आन्दोलनरत नर्स छन् ।

### कृति/समीक्षा

# सुन्दर कविता सङ्ग्रह ‘बोलूँ कहाँ को सित’

चिरञ्जीवी दाहाल

कविता कलाको त्यस्तो रूप हो जहाँ भावना, विचार र सपनाहरूलाई सामञ्जस्यपूर्ण ढङ्गले गद्यात्मक वा पद्यात्मक शैलीमा व्यक्त गरिन्छ, जुन कल्पनाशीलता र सौन्दर्यले भरिपूर्ण हुन्छ । कवि र कविता स्वतन्त्रताका संवाहक हुन् । कविले कविताका श्लोकहरू मार्फत उत्पीडन, अत्याचार, निषेध,परम्परा, राज्य र धर्मका अवधारणाहरूबाट टाढा आफ्नो अद्वितीय दार्शनिक, धार्मिक र सत्य-निर्माण संरचनाहरू निर्माण गर्छन् । प्रेरणा, अनुभव, सपना, भावना र विचारहरू आकर्षित गर्छन् । त्यसैले कविता मानव मौलिकताको अद्भुत कला हो ।

कवितालाई जन्म दिने कवि ह्रदयमा मानवीय भावनाहरू अत्यन्त कोमल हुन्छन् । बौद्धिक आयामलाई कविका यिनै कोमल भावनाले भरिपूर्ण बनाउँछन् र केही शब्दहरूसँग प्रेम सम्बन्ध स्थापित हुन पुग्छ । जो शब्दहरूको प्रेमजालमा सहजै आकर्षित हुन्छन् तिनीहरूलाई कवि भन्ने गरिएको छ । भनिन्छ, “ज्ञान कवितामा निहित हुन सक्दैन, कविता ज्ञानमा निहित हुन्छ ।“ त्यसैले कविताले आफ्नै भाषा र आफ्नै नियमहरू आफैं उत्पादन गर्छ र सोही कविताबाट कवि जन्मन्छ । भनिन्छ , कविता एउटा पूर्ण मानव जस्तै हो । कविताको शरीर, हृदय र मस्तिष्क हुन्छ । यस मध्ये एउटाको मात्र उपस्थिति देखिएन भने त्यतिबेला कविताको अस्तित्व समेत रहँदैन ।

कविता आत्म-ज्ञानको पहिलो मुहान हो, अस्तित्व र विचारको पुकार हो । यसरी शब्दहरूसँगै उडान भर्ने कार्य नै अभिव्यक्तिको सबैभन्दा तीव्र एवं कलात्मक तथा सुन्दर स्वरूप हो । त्यसैले कविहरू भावना मार्फत जिउने प्रयत्न गर्छन् । कविता त्यस्तो हुनुपर्छ जुन कविताले कविसँग बार्तालाप गर्न सकोस् र कविले पनि कवितासँग बातमार्न सकोस् । यसबाट के प्रष्ट हुन्छ भने कवि र कविताका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

वास्तविक कविले सकारात्मक र नकारात्मक तत्वलाई हाँसले पानीबाट दुधलाई छुट्याए जसरी छुट्याउँछन् । जो यसरी सकारात्मक र नकारात्मक तत्व छुट्याउन माहिर हुन्छन् उनीहरू स्वतन्त्र, सरल र सहज भाषामा कविता लेख्न सक्छन् । यसै श्रेणीका व्यक्तिहरू वास्तविक कवि हुन् भने तिनले व्यक्त गरेका सुन्दर अभिव्यक्तिहरू कविता हुन् । तिनै कविताका रंगिन र आकर्षक थुँगा टिपेर कवितासंग्रह, नाटक, खण्डकाव्य र महाकाव्यको सुन्दर माला बनाइन्छ ।

मैले यतिबेला त्यस्तै एउटा सुन्दर माला लिएर नामजप गरे जस्तै सुन्दर छन्द कविताका श्लोकहरू जपीरहेको छु , विविध छन्दहरूसँगै रमाइरहेको छु । छन्द कविताको सौन्दर्य नै यही हो, यसले कविता सिर्जना गर्ने कविलाई मात्र होइन, वाचन गर्ने वाचकलाई समेत कविताका श्लोकहरूमा समाहित गरिदिन्छ जसरी दुधमा पानी समाहित हुन्छ ।

फ्रान्सेली कवि जीन कोक्टो भन्छन् “कविता यति विशिष्ट, यति अद्वितीय भाषा हो कि यसलाई अन्य कुनै भाषामा अनुवाद गर्न नसकिने मात्र होइन, जुन भाषामा कविता लेखिएको हुन्छ त्यही भाषामा अनुवाद गर्न समेत कठिन हुन्छ ।“ यसबाट के बुझिन्छ भने कविले उसको आफ्नै विचार मन्थन गरेर लेखिएका कविताहरूमा दोस्रो व्यक्तिले समीक्षाको वाण चलाउनु मुर्खता मात्र हुन्छ । तर पनि छन्द कविताका एकजना शिल्पी गिरीधारी घिमिरे विशिष्टको हालै मात्र प्रकाशित कवितासङ्ग्रह “बोलूँ कहाँ को सित “ को सामान्य र सतही समीक्षा गर्ने धृष्टता गरिरहेको छु ।

### सान्मान्य ज्ञान

➢ नेपाली साहित्यका वेदव्यास भनेर कसलाई चिनिन्छ ?
*उत्तर : हेमांग दीक्षित*

➢ ‘सनेसा’ कुन भाषासँग सम्बन्धित पत्रिका हो ?
*उत्तर : भोजपुरी*

➢ दोस्रो विश्वकप फुटबल प्रतियोगिता कहाँ भएको थियो ?
*उत्तर : रोम, इटाली*

➢ विश्वव्यापी उष्णता र जलवायु परिवर्तनबारे विश्वव्यापीरुपमा सचेत गराउन WWF द्वारा सन् २०१० मार्च १ मा मनाइएको अर्थ आवर दिवसलाई के नाम दिइएको थियो ?
*उत्तर : Black Out*

➢ आसियनको पहिलो शिखर सम्मेलन कहिले र कहाँ बसेको थियो ?
*उत्तर : १९७६ ँभद २३-२४ (बाली, इन्डोनेसिया)*

➢ बिमस्टेकको पहिलो शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको थियो ?
*उत्तर : २००४ व्ाथि ३१ (बैंकक, थाइल्यान्ड)*

➢ पहिलो सार्क शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको थियो ?
उत्तर : १९८५ म्भअ ७-८ (ढाका, बंगलादेश)

➢ UNO को पहिलो बैंठक कहिले र कहाँ बसेको थियो ?
*उत्तर : १९४६ ब्ल १० (वेस्ट मिनिस्टर भवन, लण्डन)*

➢ असंलग्न आन्दोलनको पहिलो शिखर सम्मेलन कहिले र कहाँ बसेको थियो ?
*उत्तर : १९६१ क्भज १-६ (बेलग्रेड, युगोस्लाभिया)*

**पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,**
दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईंहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

*साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।*

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

# नेत्रहीनका लागि अक्षयकोष वृद्धि गर्न ‘सांगितिक कार्यक्रम’




**दमक**/ दृष्टिसम्बन्धी समस्याका कारण अप्ठ्यारोमा परेका व्यक्तिहरूलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको अक्षयकोष वृद्धि गर्न झापामा सांगितिक सहयोग कार्यक्रम आयोजना गरिने भएको छ ।

आगामी असोज २४ र २५ गते झापाको दुधे र दमकमा कार्यक्रम गर्ने तयारी गरिएको आयोजक आदिवासी जनजाति नेत्रहीन संघ, झापाले जनाएको छ । दमकमा पत्रकार सम्मेलन गर्दै संघका अध्यक्ष भोजकुमार तामाङले आर्थिक तथा सामाजिक समस्यामा परेका नेत्रहीन व्यक्तिहरूलाई सहयोग गर्ने उद्देश्यले अक्षयकोष वृद्धि अभियान सञ्चालन गरिएको बताए । कार्यक्रममा पूर्वी नेपालका चर्चित लोकगायक शम्भु राईसहित अन्य कलाकारको प्रस्तुति रहने जनाइएको छ । करिब चार लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको कार्यक्रमबाट १० लाख रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ । लक्षित रकम संकलन गर्न सकिए अक्षयकोष वृद्धि गरी त्यसबाट प्राप्त आम्दानी नेत्रहीन तथा दृष्टिविहीन व्यक्तिहरूको सहयोगमा प्रयोग गरिने आयोजकले जनाएको छ । कार्यक्रमका लागि एक सयदेखि एक हजार रुपैयाँसम्मका सहयोग टिकट बिक्री गरिने आदिवासी जनजाति नेत्रहीन संघ, झापाले जनाएको छ ।

### मनोरञ्जन

# चलचित्र ‘कमला मिस’ को प्रिमियर आउट



**दमक**/ चलचित्र ‘कमला मिसभ जयनेपाल हलमा प्रिमियर भयो । मंगलबार साँझ आयोजित प्रिमियरमा चलचित्रकर्मी, शिक्षाविद्, सामाजिक व्यक्तित्व, शैक्षिक संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीहरूले उपस्थिति रहेको थियो । चलचित्र हेर्ने सबैले विषयवस्तु, प्रस्तुति र सशक्त सन्देशको खुलेर प्रशंसा गरेका थिए । साहित्यकार तथा नाटककार विजय मल्लको चर्चित कृति ‘कोही कि बरबाद होस्’ बाट प्रेरित चलचित्र ‘कमला मिस’ बाल मनोविज्ञानलाई केन्द्रमा राखेर निर्माण गरिएको हो । आमाको माया र स्नेहबाट वञ्चित बालमनको पीडा, आमाको खोजी, माया पाएपछि जीवनमा आउने सकारात्मक परिवर्तन तथा एक महिलाले आफ्नो जीवनमा भोग्नुपरेका सङ्घर्षलाई मार्मिक र प्रभावकारी ढङ्गले चलचित्रले प्रस्तुत गरेको छ । विशेष विद्यालयका प्रिन्सिपल तथा शिक्षकहरूले बाल मनोविज्ञान, शिक्षक-विद्यार्थीबिचको आत्मीय सम्बन्ध र अभिभावकको भूमिकालाई चलचित्रले अत्यन्त संवेदनशील ढङ्गले प्रस्तुत गरेको छ। वरिष्ठ कलाकार निर शाहको निर्देशन रहेको ‘कमला मिस’ लाई साहित्य, समाज र शिक्षालाई चलचित्रमार्फत जोड्ने अर्थपूर्ण प्रयासका रूपमा समेत हेरिएको छ ।

चलचित्रमा निर्देशक निर शाह सँगै रमेश बुढाथोकी, वासना तिमिल्सिना, शिवम् सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, कृष्ण मुरारी ढुंगेल, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी, प्रणव सुबेदी (भोला) र सञ्जय खतिवडा लगायतका कलाकारहरूको अभिनय छ। विजय मल्ल स्मृति प्रतिष्ठान का लागि विजय मल्ल परिवारद्वारा निर्माण गरिएको चलचित्रका कार्यकारी निर्मातामा चैतन्य प्रकाश प्रधान, उमेश मल्ल, रमेशबाबु श्रेष्ठ र राम भट्टराई रहेका छन् भने पुष्कर लामा (प्रेम भोम्जन) लाइन प्रोड्युसर हुन् । चलचित्रलाई एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले देशव्यापी रूपमा वितरण गर्नेछन् । ‘कमला मिस’ यही साउन २२ गते शुक्रबार देखि देशभरका प्रदर्शनमा आउँदैछ ।

### दैनिक राशिफल

आज मिति
२०८३ साल
साउन २० गते
बुधबार
05 Aug. 2026
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मित्र मिलन, परिवारमा सुख । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | जीवनसाथीबाट धोका । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मावल पक्षबाट सहयोग । नयाँ ठाउँको भ्रमण । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | ब्यापारमा नाफा । मन भने अशान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | स्त्रीसाथीबाट धोका । मन खिन्न । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | ब्यापार व्यवसायमा सफल । पठन पाठन सुधार । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | पाहुनाको आगमन । परिवारमा खुशीयाली । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान मिल्ने । धर्मप्रति आस्था बढेर जाने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | परिश्रम अनुसार फल प्राप्ती नहोला । मन दोधार रहने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | नयाँ बस्त्रधारणको योग । स्वास्थ्यमा सुधार । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा समस्या । खर्च बढेर जाने । मनमा चिन्ता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक लाभ । मन खुशी । जीवनसाथीबाट भरपुर सहयोग । |

# भुतेश्वर महादेवमा चौपाया अर्पण गर्ने परम्परा बढ्दै

**दमक/** दक्षिणी झापाको कचनकवल गाउँपालिका–१ मगरमारास्थित प्रसिद्ध भुतेश्वर महादेव मन्दिरमा भाकल पूरा भएपछि चौपाया (बहर) अर्पण गर्ने धार्मिक परम्परा बढ्दै गएको छ । यस वर्षको साउन महिनाका तीन सोमबारमा मात्रै भक्तजनले ४७ वटा चौपाया (बहर) भाकलस्वरूप मन्दिरमा अर्पण गरेका छन् ।

भुतेश्वर महादेव संरक्षण समितिका सचिव केमानन्द राजवंशीका अनुसार पहिलो सोमबार चार, दोस्रो सोमबार १८ र तेस्रो सोमबार २५ वटा चौपाया अर्पण गरिएको हो । साउनका थप दुई सोमबार बाँकी रहेकाले यस वर्ष अर्पण गरिएका चौपायाको संख्या करिब सयको हाराहारीमा पुग्न सक्ने अनुमान गरिएको छ । गत वर्ष साउन महिनामा करिब ५० वटा चौपाया अर्पण गरिएको थियो । आफ्नो मनोकामना पूरा भएपछि भगवान शिवको वाहनका रूपमा मानिने चौपाया अर्पण गर्ने धार्मिक विश्वास रहेको सचिव राजवंशीले बताए । साउने सोमबारमा जल चढाउन आउने भक्तजनको भीडसँगै भाकल पूरा गर्ने श्रद्धालुको संख्या पनि बढ्दै गएको उनले जानकारी दिए । मन्दिरमा अर्पण गरिएका चौपायाको व्यवस्थापन समितिले व्यवस्थापन गर्ने गरेको छ । पाल्न चाहने किसान तथा व्यापारीहरु मन्दिरमै आएर चौपाया लैजाने गरेका छन् । एउटा चौपाया एक हजारदेखि तीन हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको समितिले जनाएको छ ।



भक्तजनले चौपायासँगै सुनचाँदी तथा नगदसमेत दान गर्ने गरेका छन् । गत वर्षको साउन महिनामा नगद र जिन्सी गरी करिब १० लाख रूपैयाँ भेटी संकलन भएको थियो । खर्च कटाएर करिब पाँच लाख रूपैयाँ मन्दिरको कोषमा राखिएको सचिव राजवंशीले जानकारी दिए । विसं २०१२ सालमा बैजनाथ राजवंशीले स्थापना गरेको भुतेश्वर महादेव मन्दिरलाई उनले २ बिघा १६ कट्ठा जग्गासमेत दान गरेका थिए । २०५५ सालदेखि स्थानीयले बोलबम मेला सुरू गरेपछि मन्दिरको धार्मिक गतिविधि थप विस्तार भएको हो ।

हाल पालिका, प्रदेश सरकार र विभिन्न दाताको सहयोगमा मन्दिरलाई धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकास गरिएको छ । मन्दिर परिसरमा ब[illegible]नाथ, गणेश, कार्तिक, हनुमान, पार्वती, शिवशक्ति, कैलाश र गंगा मन्दिर निर्माण गरिएको छ । यस्तै धर्मशाला, सत्संग भवन, हवन कुण्ड र स्नान पोखरीसमेत व्यवस्थापन गरिएको छ ।

साउने सोमबार, शिवरात्रि तथा अन्य धार्मिक अवसरमा नेपालका विभिन्न जिल्ला तथा भारतको बिहार र बंगालबाट समेत भक्तजन दर्शनका लागि आउने गरेका छन् । मनोकामना पूरा हुने धार्मिक विश्वासका कारण भुतेश्वर महादेव मन्दिरमा श्रद्धालुको आकर्षण बढ्दै गएको मन्दिर समितिले जनाएको छ ।

# इरानी राष्ट्रपतिले मसुदले राजीनामा दिन्न

**एजेन्सी/** इरानी सञ्चारमाध्यमले राष्ट्रपति मसुद पेजेश्कियानको एक भिडियो सन्देश सार्वजनिक गरेका छन्, जसमा उनले आफूले राजीनामा नदिने र राष्ट्रपति पदमै कायम रहने स्पष्ट पारेका छन् ।

यसअघि इरानी सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सर्वोच्च नेता अयातोल्लाह अली खामेनीका परिवारनिकट धर्मगुरू मोहम्मद बाघेर खराजीको एक भनाइ व्यापक रूपमा सेयर गरिएको थियो ।

खराजीले दाबी गरेका थिए, 'मोज्तबा खामेनीले भनेका छन्, 'यदि पेजेश्कियानले फेरि राजीनामा दिए भने हामी त्यो स्वीकार गर्नेछौँ ।' बीबीसी फारसीका अनुसार यही भनाइ सार्वजनिक भएपछि राष्ट्रपति पेजेश्कियानले राजीनामा दिने चर्चा व्यापक बनेको थियो । तर उनले भिडियो सन्देशमार्फत ती सबै अड्कलबाजीलाई अस्वीकार गरेका छन् । राष्ट्रपति पेजेश्कियानले आ ̂ नो सम्बोधनमा सरकार र सैन्य बलबीच पूर्ण समन्वय रहेको पनि बताएका छन् ।

यसअघि एक दिनअघि उनले इरानले आफ्नो सीमाको रक्षा गर्ने तर युद्धको दायरा विस्तार गर्ने कुनै मनसाय नरहेको बताएका थिए ।

# छोरा बगाएपछि आमाले गरिन् आत्महत्या

**इलाम /** यहाँस्थित माइजोगमाई गाउँपालिका–२ खोल्मेमा खोलाले बगाएर ११ वर्षीय छोराको मृत्यु भएपछि शोकमा रहेकी आमाले आत्महत्या गरेकी छन् । बजुर खोलाको बाढीले छोरा आहान खत्रीलाई बगाएपछि ३५ वर्षीया अमृता लेप्चा खत्रीले झुन्डिएर आत्महत्या गरेकी हुन् । विद्यालयबाट घर फर्कने क्रममा मंगलबार दिउँसो खोलाले बगाएका आहानको शव राति स्थानीयको सहयोगमा प्रहरीले फेला पारेको थियो । छोराको शव भेटिएपछि अमृता सम्पर्कविहीन भएकी थिइन् । रातभर खोजी गर्दा नभेटिएकी उनलाई बुधबार बिहान घरदेखि करिब सय मिटर पश्चिम निवराको रुखको हाँगामा प्लास्टिकको डोरीको पासो लगाई झुन्डिएको अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

गुल्मी स्थायी घर भएका अमृता र उनका छोरा पछिल्लो ८–९ वर्षदेखि माइतीघर इलाममा बस्दै आएका थिए । उनका श्रीमान् अनिल खत्री वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका छन् ।

# बागमती सरकार गठनबारे छलफल तनावपूर्ण

**काठमाडौं/** बागमती प्रदेशका एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया पार्टी अध्यक्ष केपी शर्मा ओलीको भक्तपुरस्थित गुण्डु निवासमा सोमबार राति भएको बैठकका क्रममा बेहोस भएका छन् । उनलाई तत्काल उपचारका लागि मध्यपुर थिमी अस्पताल लगिएको थियो । चिकित्सकले सुगर र रक्तचाप बढेको जनाउँदै आवश्यक उपचारपछि डिस्चार्ज गरेका छन् । बागमती प्रदेशमा नयाँ सरकार गठनको विषयमा छलफल गर्न अध्यक्ष ओलीले प्रदेशका सांसदहरूलाई गुण्डु बोलाएका थिए । साँझ ७ बजेदेखि राति करिब १ बजेसम्म चलेको बैठकमा प्रदेशमा सरकार गठन हुन नसकेको विषयलाई लिएर चर्को बहस भएको सहभागी स्रोतहरूले बताएका छन् ।

बैठकमा केही सांसदहरूले थपलियामाथि लामो समयसम्म पनि सरकार गठनका लागि आवश्यक बहुमत जुटाउन नसकेको तथा प्रभावकारी नेतृत्व दिन नसकेको आरोप लगाएका थिए । स्रोतका अनुसार अध्यक्ष ओलीले पनि सरकार गठनमा ढिलाइ भएको विषयमा असन्तुष्टि जनाएका थिए । यही क्रममा थपलियाले आफ्नो पक्ष राख्ने प्रयास गर्दा तनाव बढेको र उनी अचानक बेहोस भएर ढलेका थिए ।

सहभागी स्रोतका अनुसार थपलियालाई बैठकस्थलमै पानी छर्किएर होसमा ल्याइएपछि राति नै अस्पताल पुऱ्याइएको थियो । उपचारपछि उनको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । बैठकमा बागमती प्रदेश सरकार गठनका लागि आवश्यक बहुमत जुटाउने विषयमा पनि विस्तृत छलफल भएको थियो । राप्रपासहित अन्य दलको समर्थन कसरी सुनिश्चित गर्ने भन्ने विषयमा सांसदहरूबीच फरक–फरक धारणा देखिएको स्रोतको भनाइ छ । थपलियाले आफूले राप्रपाका नेताहरूसँग संवाद गरे पनि संस्थागत निर्णयबिना समर्थन सम्भव नभएको जानकारी गराएका थिए ।

छलफलमा अध्यक्ष ओलीले जसले आवश्यक बहुमत जुटाउन सक्छ, उसैले सरकार गठनको प्रक्रिया अघि बढाउनुपर्ने धारणा राखेको सहभागीहरूले बताएका छन् । बैठकमा जगन्नाथ थपलिया र किरण थापानिकट सांसदहरूले आ–आफ्नो पक्षमा अडान राखेका थिए ।

एमाले नेतृत्वले यसअघि नै बागमती प्रदेशमा संसदीय दलको नेता परिवर्तन नगर्ने निर्णय गरेको थियो । थपलियालाई नै मुख्यमन्त्री बनाउने समझदारीअनुसार सरकार गठनको पहल अघि बढाइए पनि बहुमत जुटाउने विषयमा देखिएको अन्योलले प्रक्रिया अझै निष्कर्षमा पुग्न सकेको छैन । सोमबारको बैठकमा १७ जना सांसद सहभागी थिए ।

---

***अर्जुनधारा.....***दैनिक करिब पाँच हजार श्रद्धालु दर्शनका लागि आउने गरेका छन् भने साउने सोमबार, महाशिवरात्रि र तीजजस्ता पर्वमा भक्तजनको संख्या अझ बढ्ने गरेको छ । धाम परिसरमा १०८ शिवलिङ्ग, पार्वती मन्दिर, शनि मन्दिर, यज्ञशाला, मोक्षेश्वर शिवलिङ्ग, अर्जुनवाण मूल पोखरी, पाँचधारा, कालीनाग मन्दिर, हनुमान स्तम्भलगायतका धार्मिक संरचना रहेका छन् ।

***मुख्यमन्त्री.......*** यता मुख्यमन्त्री पक्षले भने सहमति विपरीत हस्ताक्षर अभियान सञ्चालन गरिएको भन्दै असन्तुष्टि जनाएको छ । एमाले सांसद रेवतीरमण भण्डारीले प्रदेश पदाधिकारी र संसदीय दलको बैठकमा अध्यक्ष ओलीसँग छलफल गर्न तीन नेता काठमाडौं जाने सहमति भएको अवस्थामा त्यसविपरीत दबाबका रूपमा हस्ताक्षर अभियान चलाउनु उचित नभएको बताए । उनका अनुसार शीर्ष नेताहरूको बोली र व्यवहारमा एकरूपता नदेखिँदा अन्योल सिर्जना भएको छ । उनले धेरै सांसदमाथि हस्ताक्षरका लागि दबाब दिइए पनि उल्लेख्य सत्यामा सांसद त्यसमा सहभागी नभएको दाबी गरे ।

सोमबार विराटनगरस्थित एमाले प्रदेश कार्यालयमा बसेको बैठकले प्रदेश इन्चार्ज शेरधन राई, मुख्यमन्त्री हिक्मतकुमार कार्की र प्रदेश अध्यक्ष घनश्याम खतिवडालाई अध्यक्ष ओलीसँग छलफलका लागि काठमाडौं पठाउने सहमति गरेको थियो । मुख्यमन्त्री कार्की पनि सोहीअनुसार दिउँसो काठमाडौं जाने कार्यक्रम रहेको थियो । तर, त्यसअघि नै प्रदेश इन्चार्जको निर्देशनमा हस्ताक्षर अभियान अघि बढाइएको भन्दै मुख्यमन्त्री पक्षले असन्तुष्टि व्यक्त गरेको हो ।

एमाले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोले भने आफ्नो जानकारीमा कुनै हस्ताक्षर अभियान नभएको प्रतिक्रिया दिएका छन् । यद्यपि, पार्टी स्रोतले केही सांसद विराटनगरमै भेला भएर हस्ताक्षर संकलन गरिरहेको र सोमबार नै अभियान टुंग्याउने तयारी रहेको जनाएको छ ।

स्रोतका अनुसार हस्ताक्षर पार्टीमा नबुझाई सिधै प्रदेशसभा सचिवालय र प्रदेश प्रमुखसमक्ष बुझाउने रणनीति बनाइएको छ । बहुमत सदस्यको समर्थन जुटेपछि नयाँ सरकार गठनको प्रक्रिया सुरू गराउने तयारी रहेको दाबी गरिएको छ ।

मुख्यमन्त्री कार्कीविरूद्धको असन्तुष्टिको मुख्य कारण पार्टी अध्यक्ष केपी शर्मा ओलीको निर्देशन र गठबन्धनसम्बन्धी सहमति कार्यान्वयन नभएको आरोप रहेको बताइन्छ । एमाले संसदीय दलको विधानअनुसार दलको कुल सदस्य सत्याको दुई तिहाइ बहुमतबाट अविश्वास प्रस्ताव पारित भए संसदीय दलको नेता परिवर्तन गर्न सकिने व्यवस्था छ । यद्यपि, दलको नेताबाट हटाइए पनि मुख्यमन्त्री पदबाट हटाउन भने प्रदेशसभामा छुट्टै अविश्वास प्रस्ताव पारित गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

***समाजसेवी....*** कार्यक्रममा भाषा सम्पादक गोविन्दप्रसाद पौडेलले कृतिबारे जानकारी गराएका थिए भने सहभागीहरूले 'जीवन दर्पण' भावी पुस्ताका लागि प्रेरणादायी कृति बनेको धारणा व्यक्त गरेका थिए । कार्यक्रम सञ्चालन पुस्तकका सम्पादक पंकज दाहालले सञ्चालन गरेका थिए ।

***ग्यासको.......***उपभोक्ताको एकैपटक बढी ग्यास खरिद गर्ने प्रवृत्तिका कारण सिर्जना भएको बताएका छन् । उनीहरूका अनुसार विगतमा अन्तर्राष्ट्रिय परिस्थितिका कारण ७.१ किलोग्रामको आधा सिलिन्डर वितरण गरिएको थियो । अहिले पुनः १४.२ किलोग्रामको पूर्ण सिलिन्डर वितरण सुरू भएपछि उपभोक्ताले थप मौज्दात राख्न खोज्दा माग अचानक बढेको हो ।

दमकसहित झापाका केही क्षेत्रमा गरिएको अनुगमनमा बिक्री केन्द्रमा भरिएका सिलिन्डरभन्दा खाली सिलिन्डर बढी देखिएको व्यवसायीहरूले बताएका छन् । उद्योगबाट ग्यास आउनेबित्तिकै उपभोक्ताले लैजाने भएकाले मौज्दात राख्न कठिन भएको उनीहरूको भनाइ छ । ग्यास व्यवसायी संघ दमकका अध्यक्ष तिलक डाँगीले आवश्यकताभन्दा बढी सिलिन्डर भण्डारण गर्ने प्रवृत्तिले बजारमा असन्तुलन सिर्जना भएको बताए । उनले पहिले एउटा सिलिन्डर सकिएपछि मात्र अर्को भर्ने चलन रहे पनि अहिले धेरै उपभोक्ताले एकैपटक धेरै सिलिन्डर भर्न खोज्दा समस्या देखिएको उल्लेख गरे ।

यसैबीच दमक नगरपालिकाले पनि बजार अवस्थाबारे अनुगमन गर्दै आपूर्ति सहज बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने जनाएको छ । नगरपालिकाकी उपप्रमुख रेजिना भट्टराई प्रसाईं नेतृत्वको टोलीले गरेको अनुगमनपछि कृत्रिम अभावभन्दा पनि आपूर्ति व्यवस्थापनमा सुधार आवश्यक देखिएको बताइएको छ । निगमले विक्रेतालाई घरायसी उपभोक्तालाई प्राथमिकता दिन, खरिदकर्ताको विवरण राख्न तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीलाई प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराउन निर्देशन दिएको छ । सरकारले उद्योगी, विक्रेता र उपभोक्ताबीच समन्वय बढाउँदै बजारमा सहज आपूर्ति कायम गर्ने प्रतिबद्धता जनाएको छ ।


## कर्मचारी आवश्यकता

**उपरोक्त सम्बन्धमा यस दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.लाई केही कर्मचारी आवश्यकता परेको हुदाँ ईच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।**

**तपसिल :**

- पद : **ब्यवस्थापक, कार्यालय सहायक, बजार प्रतिनिधि,**
- शैक्षिक योग्यता : BBS +12, SEE
- उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण–पत्रको प्रतिलिपि ।
- तलब स्केल : संस्थाको नियम अनुसार ।
- निवेदन शुल्क: रु. ५००, रु. ३००, रु.१००
- दरखास्त दिने अन्तिम मिति : २०८३ साउन २५ गतेसम्म ।

**नोट : सहकारी क्षेत्रमा अनुभव भएको तथा स्थानीयलाई प्राथमिकता ।**

**दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
दमक–५, झापा (फोन: ०२३–५७१६११/९८४२६६६४७४)



**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६ | शाखा कार्यालय: दमक, झापा फोन नं. : ०२३-५७४६१० | शाखा कार्यालय: विर्तामोड, झापा फोन नं.: ०२३-५३५०३१, ५३४३५०

को

**शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८३/०४/२० गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय दमक, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्ने पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

धनराज लिम्बुको नाति, श्रीप्रसाद लिम्बुको छोरा, झापा जिल्ला, घैलाडुब्बा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको स्वामी प्रसाद लिम्बु (ना.प्र.प.नं.: ०४१०३०/१०३२, झापा)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धनराज लिम्बुको बुहारी, श्रीप्रसाद लिम्बुको पत्नी, झापा जिल्ला, कनकाई गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको पार्वति लिम्बु (ना.प्र.प.नं.: ३२३५८११, झापा)
२. श्रीप्रसाद लिम्बुको बुहारी, स्वामी प्रसाद लिम्बुको पत्नी, झापा जिल्ला, ज्यामिरगढी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको रोजिना राई (ना.प्र.प.नं.: ०४१००५/३७८, झापा)

**धितोमा रहेको सम्पतिको विवरण**

पारवती लिम्बुको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, घैलाडुब्बा गा.वि.स./न.पा. वडा नं १ स्थित कित्ता नं. ९३५, ९४८ र ९४९ को क्रमश: क्षेत्रफल ०-०-७.५-०, ०-०-१-० र ०-०-१०.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०५/१६ मा दर्ता नं. ५८/३६/१०९३८ कायम भई दर्ता भएको झापा जिल्ला, सतासीधाम गा.वि.स./न.पा. वडा नं. ५, स्थित देवि पाथिभरा पेपर प्लेट उद्योग प्रोप्राइटर: चन्दन कुमार देव

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भोला प्रसाद देवको नाति, माखन प्रसाद देवको छोरा, झापा जिल्ला, सतासी धाम गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको चन्दन कुमार देव (ना.प्र.प.नं.: ०४३०३२/२११७, झापा)
२. भोला प्रसाद देवको बुहारी, माखन प्रसाद देवको पत्नी, झापा जिल्ला, सतासीधाम गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको अम्बिका देवी देव (ना.प्र.प.नं. ०४३-०३२/४०३, झापा )
३. भोला प्रसाद देवको नाति, माखन प्रसाद देवको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको सञ्जय कुमार देव (ना.प्र.प.नं.: ०४३०३२/१२९७, झापा)
४. माखन प्रसाद देवको बुहारी, सन्जय कुमार देवको पत्नी, सुनसरी जिल्ला, दुहवी गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको राधा कुमारी पोदार (ना.प्र.प.नं.: १०९३८७/२०९३८७, सुनसरी)
५. भोला प्रसाद देवको नाति, माखन प्रसाद देवको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको लक्ष्मण कुमार देव (ना.प्र.प.नं.: ०४३-०३२/४१३, झापा)

**धितोमा रहेको सम्पतिको विवरण**

१. चन्दन कुमार देवको नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स/न.पा. वडा नं ७ स्थित कित्ता नं. ४४९४ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमुर्त सम्पति माथीको हक समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८३/०४/२० गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु दमक, झापा र विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०३ गते बुधबार कार्यालय समय भित्र ऋणी नं. १ को धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०५/०४ गते बिहिबार दिउँसो ४:०० बजे शर्त नं ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गारिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु दमक, झापा र विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नोट: यो सूचना मिति २०८३/०४/२० गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गरिएको छ।


◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की ◆ **सहसम्पादक**: विमल लामिछाने ◆ **बजार व्यवस्थापक**: केशव खनाल ◆ **लेआउट**: सुरेन बस्नेत

**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com